# निजगढ नगरपालिका कार्यालय

## निजगढ,बारा

### सिलवन्दी वोलपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७२।१०।२१ गते

यस निजगढ नगरपालिका अर्न्तगत यसै आ.ब. २०७२।२०७३ मा निम्न निर्माण कार्यहरु सिलवन्दी बोलपत्रद्धारा गराउनु पर्ने भएकोले नेपाल सरकारवाट इजाजत प्राप्त निर्माण व्यवसायीहरुलाई निम्न शर्तहरुको अधिनमा रहि रितपुर्वकको सिलवन्दी वोलपत्र पेश गर्न यो सुचना प्रकाशित गरिएको छ ।

**शर्तहरुः-**

१. यो सूचना प्रकाशित भएको मितिले ३० तिस दिन वा मिति २०७२।११।२१ गते भित्र कार्यालय समय भित्र सम्वन्धित कारोवार गर्न इजाजत प्राप्त प्रमाण पत्रको प्रमाणित प्रतिलिपी, मुल्यअभिबृद्धि कर दर्ताको प्रमाणित प्रतिलिपी र आ.ब.२०७१।२०७२ को कर चुक्ता प्रमाण पत्र संलग्न राखी यस कार्यालय, निजगढ बारावाट फिर्ता नहुने गरी नगदै रु १,०००।- एक हजार मात्र बुझाई वोलपत्र फारम खरीद गर्न सकिनेछ ।

२. खरिद भएको वोलपत्र फारम वोलपत्रदाताले सिलवन्दी गरी खाम वाहिर आफनो फर्मको नाम, वतन र कामको विवरण स्पष्ट उल्लेख गरी सिलवन्दी गरी यस कार्यालयमा मिति २०७२।११।२३ गते दिनको १२ बजे भित्र दर्ता गरी सक्नू पर्नेछ । दर्ता भएका बोलपत्रहरु सोही दिनको २ बजे यस कार्यालयमा सरकारी प्रतिनिधी, निर्माण व्यवसायीको प्रतिनिधीहरुको रोहवरमा खोलिने छ । समयमा फर्मको वा निजहरुको प्रतिनिधी उपस्थित नभएमा पनि सिलवन्दी बोलपत्र खोल्न बाधा पुग्नेछैन । कारणवश सिलवन्दी बोलपत्र दर्ता गर्ने तथा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

३. धरौटी वापतको रकम यस कार्यालयको नाममा रहेको श्री कृषि विकास बैक, निजगढको धरौटी खाता नं. ०१००.०३०३२१ खातामा नगदै जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी गरिएको घटीमा १२० दिन म्याद भएको मान्यता प्राप्त वाणिज्य बैंकको बैंक ग्यारेन्टी (विड वण्ड) संलग्न हुनु पर्नेछ ।

४. ठेक्का स्वीकृत भए पछि ठेक्का अंकको ५ प्रतिशतले हुने रकम यस कार्यालयको नाममा रहेको श्री कृषि विकास बैक, निजगढको धरौटी खाता नं. ०१००-०३०३२१ खातामा जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी गरिएको घटीमा DLP समयसम्मको म्याद भएको मान्यता प्राप्त वाणिज्य बैंकको बैंक ग्यारेन्टी (परफरमेन्स वण्ड) पेश गरी सम्झौता गर्नु पर्नेछ ।

५. दररेट अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । केरमेट भएमा केरमेट भएको स्थानमा सहिछाप गर्नु पर्नेछ । दररेट रकम अंक र अक्षरमा फरक पर्न आएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ । वोलपत्र फारमको प्रत्येक पानामा सम्वन्धीत ठेकदारको दस्तखत र फर्मको छाप अनिवार्य हुनु पर्नेछ ।

६. एक फर्मको नाममा खरिद गरिएको वोलपत्र फाराम अर्को फर्मको नामबाट दाखिला गर्न पाईने छैन ।

७. यो सूचनामा उल्लेख नभएका कुराहरु प्रचलित कानुन तथा ऐन नियम अनुसार हुनेछ ।

८. बोलपत्र पूर्ण वा आंशिकरुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयलाई निहित रहने छ ।

९. अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ वमोजिम हुनेछ ।

१०. थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ । यो सुचना www.nijgadhmun.gov.np मा समेत Download गरी हेर्न सकिने छ ।

| वोलपत्र नं. | आयोजनाको नाम | ल.ई. रकम (मु.अ.कर वाहेक) | धरौटी रकम | वोलपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| **०४-०७२/७३** | खानेपानी तथा डिपवोरिङ्ग सम्वन्धी कार्य, निजगढ वडा नं. १ | ९६१,००६।०० | २४,०००।०० | १,०००।- | |
| **०५-०७२/७३** | कृषि डिपवोरिङ्ग गरी सिचाई विस्तार, निजगढ वडा नं. २ | ९६१,००६।०० | २४,०००।०० | १,०००।- | |
| **०६-०७२/७३** | कृषि डिपवोरिङ्ग गरी सिचाई विस्तार, निजगढ वडा नं. ७ | ९६१,००६।०० | २४,०००।०० | १,०००।- | |
| **०७-०७२/७३** | कृषि डिपवोरिङ्ग गरी सिचाई विस्तार, निजगढ वडा नं. ९ | ९६१,००६।०० | २४,०००।०० | १,०००।- | |